कम्पनी रजिष्ट्रार कार्यालय, दर्ता नं.: १८७५३२/०७४/७५ इजाजत नं.: ने.रा.वैंक/ई.प्रा./"घ"/८७/०७४/७५

# नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.

# NESDO Sambridha Laghubitta Bittiya Sanstha Ltd.

केन्द्रीय कार्यालय, कश्मानगरपालिका, वडा नं.६, न्यरोड पर्वत, फोन नं.: ०६७-४२०२२९, फ्याक्स नं.: ४६०८०३

**चलानी नं:** ५३७/०७९/८० **मितिः** २०८०/०१/०४

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषयः** लाभांश स्वीकृती सम्वन्धि जानकारी सम्वन्धमा ।

**महोदय,**

प्रस्तुत विषयमा यस नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड, कुश्मा पर्वतको मिति २०७९/१२/०९ गते सम्पन्न ७७औं वैठकले आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७८/७९ सम्म गरी चार आर्थिक वर्षको सञ्चित नाफा रु. ४१,८५,९४,०४५/९६ (अक्षरुपी एकचालिस करोड पचासी लाख चौरानव्वे हजार पैतालिस रुपैयाँ पैसा छयानव्वे मात्र ।) मध्येवाट प्रचलित कानून, नेपाल राष्ट्र वैंकवाट जारी एकिकृत निर्देशिका वमोजिम नेपाल राष्ट्र वैंकवाट स्वीकृत भई संस्थाको चौंथो वार्षिक साधारण सभावाट पारित भए पश्चात वितरण गर्ने गरी संस्थाको कुल चुक्ता पुंजी रू. २५,५०,००,०००/- (अक्षरुपी पच्चिस करोड पचास लाख रुपैयाँ मात्र) को ७३.६८४२१०५२५५ प्रतिशतले हुन आउने रकम रू. १८,७८,९४,७३६/८४ (अक्षरुपीः अठारा करोड अठहत्तर लाख चौरानव्वे हजार सात सय छत्तिस रुपैयाँ पैसा चौरासी मात्र) मध्येवाट ५० प्रतिशत वोनश सेयर वापत रु १२,७५,००,०००/- (वाह्र करोड पचहत्तर लाख रुपैयाँ मात्र), २० प्रतिशत नगद लाभांश वापत रू. ५,१०,००,०००/- (अक्षरुपी पाँच करोड दश लाख रुपैयाँ मात्र) र वोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर प्रयोजनको लागि नगद लाभांश वापत ३.६८४२१०५२५५ प्रतिशतले हुन आउने रकम रु ९३,९४,७३६/८४ (अक्षरुपीः त्रियानव्वे लाख चौरानव्वे हजार सात सय छत्तिस रुपैयाँ पैसा चौरासी मात्र) लभांश वितरण गर्ने निर्णय गरी शंसोधित निर्देशन वमोजिम कोषमा रकम समेत वाँडफाँड गरी स्वीकृतीको लागि मिति २०७९/१२/१० गते सम्पन्न ७८औं वैठकको निर्णय वमोजिम नेपाल राष्ट्र बैंकमा पेश गरिएकोमा नेपाल राष्ट्र वैंकको पत्र संख्याः ल.वि.सं.सु.वि/गैर संस्थागत/नेष्डो समृद्ध/०७९/८०/३०९ मिति २०८०/०१/०४ को वार्षिक वित्तीय विवरण प्रकाशित गर्ने स्वीकृती सम्वन्धको पत्रमा अन्य व्यहोराको साथमा "संस्थाको आर्थिक वर्ष २०७७/०७८ को संचित मुनाफा र आर्थिक वर्ष २०७८/७९ को खुद नाफावाट २०७९ असार मसान्तमा कायम चुक्ता पुँजी रु २५,५०,००,०००/- (अक्षरुपी पच्चिस करोड पचास लाख मात्र) को १७.९३४२ प्रतिशतले हुन आउने लाभांश रकम रु ४,५७,३२,२१०/- (अक्षरुपी चार करोड सन्ताउन्न लाख वत्तिस हजार दुई सय दश मात्र) (नगद वा वोनस तथा कर प्रयोजनको लागि समेत) आयकर ऐन तथा विनियमावली र अन्य प्रचलित कानूनी व्यवस्थाको समेत पालना गर्ने गरी साधारण सभावाट स्वीकृत गरे पश्चात वितरण गर्ने स्वीकृती प्रदान गरिएको तथा संस्थाको वार्षिक साधारण सभा प्रयोजनाको लागि आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण प्रकाशन गर्न सहमती प्रदान गरिएको व्यहोरा निर्णय अनुसार अनुरोध गर्दछु ।" भन्ने व्यहोराको पत्र प्राप्त भएकोमा नेपाल राष्ट्र बैंकको उक्त निर्णय वैंकद्धारा मिति २०७९/११/१० गते जारी शंसोधित निर्देशनको व्यवस्थासंग स्पष्ट वाझिएको, नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त एउटै प्रकृतीका संस्था विच, एउटै आर्थिक वर्षको लाभांश स्वीकृती दिंदा समानता नभएको र नेपाल राष्ट्र वैंकवाट स्वीकृत लाभांशको जानकारीले शेयरधनिले पाउने प्रतिफलको अधिकार समेत हनन हुन पुगेको, संस्थागत वित्तीय अवस्थामा समेत प्रभाव पर्ने देखिएको, लाभांश वितरण सम्वन्धमा वैंक तथा वित्तीय संस्था सम्वन्धि ऐनमा भएको व्यवस्थाको समेत प्रतिकुल भएको र लाभांश प्रस्ताव तथा शंसोधन संस्थावाट नै निर्णय भई नेपाल राष्ट्र बैंकवाट स्वीकृत दिनुपर्ने कानूनी मनसायलाई समेत नजरअन्दाज गरिएको देखिएकोले नेपाल राष्ट्र बैंकको उक्त निर्णय एवम् जानकारीलाई तुरुन्त कार्यान्वयन प्रक्रिया अगाडी वढाउन नसकिने भएकोले संस्थाको लाभांश प्रस्ताव, राष्ट्र वैंकको विद्यमान निर्णय तथा स्वीकृती, प्रचलित ऐन, कानून, निर्देशन र केन्द्रिय वैंकका विगतका व्याख्या र संस्थागत अभ्यास समेतको तथ्यपुर्ण कानूनी व्याख्या गरी निर्णयमा पुग्ने पर्ने देखिएकाले हाललाई सोही व्यहोरा खुलाई नेपाल राष्ट्र बैंकवाट प्राप्त लभाांश स्वीकृती सहित वित्तीय विवरण प्रकाशन गर्ने सम्वन्धमा पत्र प्राप्त भएको व्यहोरा नेपाल स्टक एक्चेन्ज, नेपाल धितोपत्र वोर्ड लगायत सरोकारवाला निकायमा जानकारी गराउने निर्णय मिति २०८०/०१/०४ गते वेलुका ६:०० सम्पन्न ७९औं वैठकमा भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

अन्त्यमा त्यस कार्यालयको रचनात्मक सहयोगका लागि धन्यवाद ।

**वोधार्थः**
श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुर ।
श्री सिएससी एण्ड क्लिएरिङ्ग लिमिटेड पुतलिसडक, काठमाण्डौ ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौ नेपाल ।
श्री ग्लोवल आईएमई क्यापिटल लिमिटेड, नक्शाल,काठमाण्डौ ।

नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, कुश्मा, पर्वत

..........................
(कमल प्रसाद शर्मा)
कम्पनी सचिव

**Central Office:**
Kushma Municipality-06, New Road, Parbat, Nepal
Phone: 067-420229, 420060, Fax No.: 067-420803, E-mail:bishwa.nesdo@gmail.com, website: www.nesdonepal.org